# ताप्ली गाउँपालिका

जिल्ला, उदयपुर, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

ताप्ली गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ | संख्याः ०२ | मिति २०८२/१२/२२

भाग १

नेपालको संविधान २०७२ को दफा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताप्ली गाउँपालिकाको गाउँ सभाबाट तयार गरिएको तपशिलमा उल्लेखित ऐन, गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ ।

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) तथा ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा ४४ र ४५ ले दिएको अधिकार एवम् यस ताप्ली गाउँपालिकाले बनाएको ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा ४४ र ४५ तथा ताप्ली गाउँपालिकाको शिक्षा नियमावली २०७७ को नियम ११५ ले दिएको अधिकार प्रयोग गरी केही संशोधन गर्न वाञ्छनीय भएकोले गाउँ सभाको बैठकले ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७७ र शिक्षा नियमावली २०७७ मा यो संशोधन गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

क. यस नियमावलीको नाम **ताप्ली गाउँपालिकाको शिक्षा नियमावली २०७७** (दोस्रो संशोधन) रहेको छ।

ख. यो नियमावलीमा भएको संशोधन राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. ऐन भन्नाले ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७७लाई सम्झनु पर्छ।

ख. नियमावली भन्नाले ताप्ली गाउँपालिकाको शिक्षा नियमावली २०७७ लाई सम्झनु पर्छ।

ग. गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिकाको शिक्षा नियमावली सम्झनु पर्छ।

घ. कार्यपालिका भन्नाले यस ताप्ली गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

परिच्छेद-२

गरिएको संशोधन

- ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७७ को दफा दफा ७ को उपदफा १ (च) मा रहेको व्यवस्थालाई संशोधन गरी निम्नानुसार कायम गर्नेः- गाउँपालिका अध्यक्षले मनोनित शिक्षाप्रेमी/बुद्धिजीवी, दलित, आदिवासी,जनजाती,मधेसी,मुस्लिम,पिछडा वर्ग र फरक क्षमता भएका व्यक्तिहरु मध्ये कम्तिमा एक जना महिला पर्ने गरि २ जना -सदस्य
- ताप्ली गाउँपालिकाको शिक्षा नियमावली २०७७ को परिच्छेद ४ को नियम २३ को उपनियम १ (च) मा रहेको व्यवस्थालाई संशोधन गरी निम्नानुसार कायम गर्नेः- गाउँपालिका अध्यक्षले मनोनित शिक्षाप्रेमी/बुद्धिजीवी, दलित, आदिवासी,जनजाती,मधेसी,मुस्लिम,पिछडा वर्ग र फरक क्षमता भएका व्यक्तिहरु मध्ये कम्तिमा एक जना महिला पर्ने गरि २ जना - सदस्य

- परिच्छेद १५ को नियम ८७ को उपनियम १ लाई पूर्ण रुपमा झिकि निम्न व्यवस्था कायम गर्नेः- १(क)विद्यालय कोष सञ्चालन गर्न अधिकार प्राप्त अधिकारीहरुले गाउँपालिकले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट सम्बन्धित विद्यालयको कार्यालयमा नै प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र लेखा परीक्षण गराई सक्नु पर्नेछ।

  १(ख) लेखा परीक्षकको पारिश्रमिक सम्बन्धित विद्यालयले नै भुक्तानि गर्नु पर्नेछ।

  १(ग) लेखा परिक्षक कार्यालयको नियमानुसार सुचीकृत भएको हुनु पर्नेछ।

  १(घ) लेखा परीक्षकहरुको छनौट तथा सिफारिस गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

  १(ङ) छनौट भएको लेखा परीक्षकलाई शिक्षा अधिकृतले नियुक्ति/कार्यदिश दिनेछ।

  १(च) लेखा परिक्षकले तोकिएको समय भित्र लेखा परीक्षण नगरेमा शिक्षा समितिको निर्णयानुसार शिक्षा अधिकृतले अन्य सुचीकृत लेखा परीक्षकलाई कार्यदिश दिनेछ।